नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

कार्यक्रम कार्यान्वयन एकाइ, संखुवासभा

कार्यक्षेत्र: संखुवासभा/भोजपुर

Email-pmamp.piu.sankhuwasabha123@gmail.com
pmamp.piu.bhojpur@gmail.com

आर्थिक वर्ष: २०८३/०८४

सूचना नम्बर: ३

प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०४/२९

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, संखुवासभाको चालु आ.व.२०८३।०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल बमोजिमको कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृत कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि-२०८२ अनुसार योग्यता पुगेका इच्छुक युवा कृषक वा कृषि उद्यमीहरुले तपसिलमा उल्लेखित आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले २७औं दिन (मिति २०८३/०५/२५ गते) भित्र कार्यक्रम कार्यान्वयन एकाइ, संखुवासभा, जोन प्राविधिक एकाइ, भोजपुर, जोन सम्पर्क एकाइ, मादी र जोन सम्पर्क एकाइ, दिङ्लामा अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन तथा अनुसूची -३ बमोजिमको ढाँचामा कार्यक्रम सञ्चालन सम्बन्धी प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

तपसिल

सञ्चालन हुने कार्यक्रमको नाम	लक्षित लाभग्राही	कार्यक्रम सञ्चालन हुने क्षेत्र	कार्यक्रम सञ्चालन गर्न सकिने बाली/वस्तु क्रियाकलापहरु	लक्ष्य (संख्या)	बजेट रु. (लाखमा)	अनुदान रकम तथा भुक्तानी प्रक्रिया
कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम	१६-४० वर्ष उमेर समूह भित्रका युवा कृषक वा कृषि उद्यमी	संखुवासभा र भोजपुर जिल्लाभरि ।	कृषि तथा पशुपन्छी उद्यमीशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ दफा ४ मा उल्लेख भए बमोजिम	१९	७६	प्रस्तावको कुल लागतको बढीमा ५०% वा चार लाख रुपैया मध्ये जुन कम हुन्छ सोही रकम अनुदान स्वरुप बैंक खातामा भुक्तानी गरिने ।
प्राङ्गारिक मल/भर्मी कम्पोष्ट प्रवर्द्धन कार्यक्रम	-	संखुवासभा र भोजपुर जिल्लाभरि ।	-	२	४.२	प्रस्तावको कुल लागतको बढीमा ५०%

लि. कार्यालय प्रमुख

"स्वदेशी उत्पादनमा लगानी,
आत्मनिर्भर कृषिको थालनी"

"Invest in Domestic Production
Path to Self-Sufficiency"

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम

कार्यक्रम कार्यान्वयन एकाइ, संखुवासभा

कार्यक्षेत्रः संखुवासभा/भोजपुर

आर्थिक वर्षः २०८३/०८४

Email-pmamp.piu.sankhuwasabha123@gmail.com
pmamp.piu.bhojpur@gmail.com

सूचना नम्बरः

कृषि तथा पशुपन्छी उद्यमशीलता विकास कार्यक्रम कार्यक्रम सञ्चालन गर्न सकिने बाली / वस्तु / क्रियाकलापहरु (कार्यविधिको दफा ४ बमोजिम)

१. तरकारीको व्यावसायिक उत्पादन, प्रशोधन तथा बजारीकरण	१०. खाद्यान्नको बीउ उत्पादन तथा प्रशोधन
२. तरकारीको बीउ-विजन उत्पादन, प्रशोधन तथा भण्डारण	११. फलफूल प्रशोधन र बजारीकरण
३. दुग्धजन्य वस्तुको प्रशोधन तथा विविधीकरण, छुर्पी उत्पादन, भण्डारण तथा निर्यात	१२. बागवानी नर्सरी स्थापना तथा विकास, पुष्प व्यवसाय, टिस्यु-कल्चर प्रविधिबाट बीउ र विरुवा उत्पादन गर्ने व्यवसाय
४. च्याउ बीउ उत्पादन, च्याउ प्रशोधन, भण्डारण र बजारीकरण	१३. ग्रीन हाउसभित्र उत्पादन गरिने बालीहरुको उत्पादन, प्रशोधन र भण्डारण
५. मासुजन्य पदार्थको भण्डारण, प्रशोधन र बजारीकरण	१४. साना तथा मझौला खालका कोल्ड च्याम्बर स्थापना तथा सञ्चालन
६. अदुवा, बेसार र मसलाजन्य बालीको प्रशोधन तथा बजारीकरण	१५. व्यावसायिक पशुपन्छी, मत्स्यपालन उत्पादन र प्रशोधन
७. मौरीपालन व्यवसाय र मह प्रशोधन	१६. प्राङ्गारिक कृषि वस्तु निर्यात
८. जौ, फापर, सिलाम, कोदो, चिनो, कागुनो लगायत रैथाने बालीको उत्पादन, प्रशोधन तथा बजारीकरण	१७. जैविक विषादी, प्राङ्गारिक विषादी, वनस्पतिजन्य विषादी, उत्पादन प्रशोधन तथा बजारीकरण
९. प्राङ्गारिक, गड्यौली मल वा जैविक मल उत्पादन तथा बजारीकरण	१८. घाँसबाट हे (Hay), साइलेज (Silage) तथा हेलेज (Haylage) उत्पादन व्यवसाय

निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः

१. कार्यक्रम सञ्चालन सम्बन्धी निर्दिष्ट ढाँचा बमोजिमको प्रस्ताव (अनुसूची-२ को निवेदन र अनुसूची-३ अनुसार प्रस्ताव ढाँचा) कार्यक्रम कार्यान्वयन एकाइ, संखुवासभाको वेबसाइट www.pmampsankhuwasabha.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

२. आवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)

३. कार्यक्रम सञ्चालनका लागि जग्गाधनी प्रमाण-पत्रको प्रतिलिपि वा भाडामा जग्गा लिएको भएमा जग्गाधनीसँग कम्तीमा ५ वर्ष र प्रशोधन तथा भण्डारणसँग सम्बन्धित संरचना निर्माणतर्फ कम्तीमा १० वर्षका लागि गरिएको सम्झौताको प्रतिलिपि ।

४. उद्यम वा व्यवसाय दर्ता भएको भएमा सम्बन्धित कार्यालयमा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि, अघिल्लो आ.व. सम्म कर चुक्ता गरेको विवरणको प्रमाणित प्रतिलिपि, कारोबार सम्बन्धी अन्य कागजातहरु

५. स्थायी लेखा नं. प्रमाण-पत्रको प्रतिलिपि

६. सहकारी संस्था/कृषक समूहको सदस्य भएमा सम्बन्धित सहकारी संस्था/समूहको सिफारिस पत्र ।

थप जानकारीको लागि सम्पर्क नं. ०२९५६२८५५,९८५२०५८०७९(संखुवासभा), ०२९४२००४९,९८५२०७७३७६(भोजपुर)

प्रमुख कार्यालय

"स्वदेशी उत्पादनमा लगानी,
आत्मनिर्भर कृषिको थालनी"

"Invest in Domestic Production
Path to Self-Sufficiency"